अनुसूची- २

(दफा ४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बढैयाताल गाउँपालिका

बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः २८ प्रमाणीकरण मितिः २०७७/०४/०१

भाग-२

बढैयाताल गाउँपालिका

२०७७ सालको निर्देशिका २८

मानव अधिकार निर्देशिका २०७७

प्रस्तावना

नेपालको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता, संविधानमा प्रत्याभूत मौलिक अधिकार र प्रचलित कानुनअनुसार व्यवस्था गरिएका अधिकारहरुको सम्मान, संरक्षण, संवर्द्धन र पालनामा यस गाउँपालिकाको भूमिकालाई सबल, प्रभावकारी र उत्तरदायी बनाउन एवम् मौलिक हक तथा स्वतन्त्रताहरुको प्रवर्द्धन र संरक्षण गर्न यस गाउँपालिकामा मानव अधिकारप्रतिको दायित्वलाई स्पष्ट गरी मानव अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने यो निर्देशिका गरिएको छ ।

१. नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम मानव अधिकार निर्देशिका, २०७७ रहनेछ ।

बढैयाताल गाँउपालिका

(२) यो निर्देशिका गाउँकार्यपालिकाले पारित गरी जारी गरेको मितिबाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले बढैयाताल गाउँपालिका सम्झनुपर्छ ।

(ग) "गैरसरकारी सङ्घ–संस्था" भन्नाले संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई मानव अधिकारको संवर्द्धन र संरक्षणको काम गर्ने नागरिक सङ्घ–संस्था तथा समूहलाई जनाउने छ, साथै सो शब्दले गैरनाफामूलक कम्पनीसमेतलाई जनाउनेछ ।

(घ) "मानव अधिकार" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ बमोजिम व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्धारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारसमेतलाई जनाउनेछ ।

(ङ) "मानव अधिकार रक्षक" भन्नाले व्यक्तिगत रुपमा, समूहमा वा संस्थागत रुपमा मानव अधिकारको संवर्द्धन, संरक्षण, सम्मान तथा पालनासम्बन्धी काममा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले मानव अधिकारको विभिन्न क्षेत्रहरु जस्तैः बालबालिका, महिला, दलित आदिवासी/जनजाति, थारु, मुस्लिम, मधेसी, ज्येष्ठ नागरिक, पछाडि परेको वर्ग र क्षेत्र, अपाङ्गता भएका व्यक्तिहरु लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वातावरणलगायत अन्य विषयगत तथा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा क्रियाशील अधिकार रक्षकहरुलाई समेत जनाउनेछ ।

(च) "मानव अधिकार संरक्षण समिति" भन्नाले यस निर्देशिकाको दफा ८ बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

(छ) "सरोकारवाला" भन्नाले मानव अधिकारको संवर्द्धन, संरक्षणसम्बन्धी काम गर्ने व्यक्ति, समूह, सङ्घ–संस्था, समुदाय, सरकारी तथा अर्धसरकारी निकाय र सुरक्षा निकाय तथा मानव अधिकारको संरक्षण तथा पैरवी गर्ने कार्यमा क्रियाशील व्यक्ति तथा संस्थासमेतलाई जनाउनेछ ।

(ज) "सहकार्य" भन्नाले मानव अधिकारको संवर्द्धन र संरक्षणको निमित्त राज्यका निकाय, सरकारी तथा गैरसरकारी निकाय, अन्तर्राष्ट्रिय, पेशागत वा व्यावशायिक सङ्गठन, निकाय वा संस्थाहरु तथा व्यक्तिहरुसँग मिली संयुक्त रुपले गर्ने कामलाई जनाउनेछ ।

३. उद्देश्यः यस मानव अधिकार निर्देशिकाको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) यस गाउँपालिकामा नागरिकका मौलिक हक तथा मानव अधिकार कार्यान्वयनको सुनिश्चितताको लागि प्रतिबद्धता, समान बुझाइ र आवश्यक संरचना र गतिविधिको उचित व्यवस्था गर्ने ।

ख) यस गाउँपालिकामा नागरिकका मौलिक हक तथा मानव अधिकारप्रतिको ज्ञान र चेतनाको वृद्धि तथा ती अधिकारको संवर्द्धन, संरक्षण र सुनिश्चितताको सम्बन्धमा विभिन्न सङ्घ–संस्थाहरुसँग समन्वय र सहकार्यमा प्रभावकारिता बढाउने,

(ग) मानव अधिकारको उल्लङ्घनबाट पीडित वा प्रभावितहरुलाई आपत्कालीन कानुनी, स्वास्थ्य, मनोविमर्श तथा अन्य मानवीय सहायता उपलब्ध गराउन सहजीकरण र सहयोग गर्ने, तथा

(घ) मानव अधिकार संस्कृति निर्माण र दण्डहीनताको रोकथामका लागि मानव अधिकार रक्षकहरुसँग समन्वय, सहकार्य, सञ्जालीकरण र साझेदारी गर्ने,

ङ) यस पालिकालाइ मानव अधिकारमैत्री पालिकको रुपमा विकास गर्न तथ्य, तथ्याङ्क सङ्कलन, सेवा विस्तार, संरचना र गतिविधि सञ्चालन तथा त्यसको लागि आवश्यक स्रोतको व्यवस्थापन गरी प्रभावकारी ढङ्गले कार्य गर्ने ।

४. गाउँपालिकाको मानव अधिकारसम्बन्धी मार्गदर्शक सिद्धान्तहरु:

मानव अधिकारको संरक्षण, संवर्द्धन, सम्मान र पालना तथा मौलिक हकको सुनिश्चितताका लागि गाउँपालिकाले देहायबमोजिम मार्गदर्शक सिद्धान्त र विषयवस्तुलाई प्राथमिकतमा राखी कार्य गर्नेछ ।

(क) संविधान, अन्तर्राष्ट्रिय सिद्धान्त र प्रचलित कानुन कार्यान्वयन गर्दै मानव अधिकार र मौलिक हकको कार्यान्वयनमा मानव मूल्य, समानता, न्याय, समतालाई पालिकाको सबै तह र प्रक्रियामा प्राथमिकतामा राख्ने ।

ख) बढैयाताल गाँउपालिकालाई मानव अधिकारको उल्लङ्घन नहुने र कुनै पनि प्रकारको विभेद नहुने गाउँपालिकाको रूपमा विकास गरिने ।

(ग) गाँउपालिकाले आफूले निर्माण गर्ने नीति, कानून, नियमावली, कार्यविधि र निर्देशिका मानव अधिकारमैत्री दृष्टिकोणबाट गरिने ।

(घ) नागरिकले प्राप्त गर्ने सेवा र सुविधाहरू सहज, सर्वसुलभ र पारदर्शी रुपमा उपलब्ध गराउने, गाउँपालिकाको तहगत जवाफदेहिता सुनिश्चत गर्न सुशासन नीति बनाउने,

(ङ) मानव अधिकार संस्कृतिको विकासमा विधिको शासनको प्रत्याभूति गर्दै दण्डहीनता अन्त्य गर्ने, नागरिक समाज, विभिन्न पेशाकर्मीहरुको स्वतन्त्रता र पेशागत मर्यादाको सम्मान गर्दै आवश्यकताअनुसार समन्वय तथा सहकार्य गर्ने वातावरण निर्माण गर्ने,

(च) महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक, युवा, दलित, आदिवासी, जनजाति, मधेसी, थारु, मुस्लिम, द्वन्द्व पीडित, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र विपन्न समुदायलाई

बढैयाताल गाँउपालिका

नीति तथा कार्यक्रम र बजेट विनियोजनमा लक्षित समुदायका रुपमा प्राथमिकता दिने, पूर्वाधार विकास मानव अधिकारमैत्री (अपाङ्गमैत्री) बनाइने, बालमैत्री शिक्षा प्रणालीको स्थापना गर्ने, नवजात शिशुका लागि स्तनपान कक्षलाई प्रोत्साहन गर्ने,

(छ) मानव बेचविखन, बालविवाह, छाउपडी, दाईजोजस्ता कुप्रथाहरू हटाउन ठोस योजना बनाई लागु गर्ने र महिला हिंसा, घरेलु हिंसाकाका पीडितहरुलाई तत्कालीन राहत, मनोसामाजिक परामर्श सेवा र कानुनी सहायताका लागि गाउँपालिकामा एक कोष सञ्चालनको नीतिगत व्यवस्था गर्ने,

ज) कानून, नीति र योजना निर्माण तथा कार्यान्वयन गर्दा स्थानीय ज्ञान र अनुभवको आदानप्रदान, सामाजिक सदभाव, समन्वय र सहकार्य तथा सरोकारवालाको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित गरिने ।

५. गाउँसभाको मानव अधिकारसँग सम्बन्धित भूमिका र दायित्वः

मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र पालना तथा मौलिक हकको प्रचलनमा गाउँसभाको भूमिका र दायित्व देहायबमोजिम हुनेछ ।

(क) गाउँसभाले कानुन निर्माण गर्दा मानव अधिकारप्रतिको राज्यको दायित्व, मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी सिद्धान्त तथा प्रावधान र संविधान प्रदत्त मौलिक हकको सुनिश्चिततताबारे ध्यान दिने र त्यस्ता सिद्धान्त तथा प्रावधानअनुरुप कानुन निर्माण गर्ने,

(ख) कानून निर्माण गर्ने क्रममा मानव अधिकारसम्बन्धी सङ्घ–संस्था तथा सरोकारवाला समूह वा नागरिक समाजसँग परामर्श गर्ने र प्राप्त सल्लाह र सुझावलाई उचित स्थान दिने,

(ग) मानव अधिकारको संरक्षण, संवर्द्धनमा कार्यपालिकालाई प्रोत्साहित गर्ने, मानव अधिकार तथा मौलिक हकको कार्यान्वयनको अवस्थाबारे वार्षिक रुपमा कार्यपालिकालाई प्रतिवेदन पेश गर्न लगाउने,

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम मानव अधिकार समिति गठन गर्ने, कार्ययोजना पारित गर्ने, समितिको कार्यको प्रतिवेदन बुझ्ने र आवश्यक निर्देशन दिने,

(ङ) कानुन निर्माण गर्दा गाउँसभाले जुन समुदाय वा क्षेत्रका लागि लक्षित गरी गर्दछ, त्यो समुदायसँग विभिन्न माध्यमबाट छलफल तथा परामर्श गरी समुदायको आवश्यकता र सहभागिता सुनिश्चित गर्ने,

(च) मानव अधिकार संरक्षणमा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेटमा सामञ्जस्यता कायम गर्न, स्रोतको व्यवस्थापन र उपलब्ध स्रोतको समुचित प्रयोगमा कार्यपालिकालाई मार्ग निर्देशन गर्ने,

छ) मानव अधिकारको संरक्षण र संवर्द्धनमा गाँउसभाले समय समयमा छलफल गरी आवश्यकता पहिचान गर्ने र त्यसको संशोधन गर्ने ।

६. गाउँकार्यपालिकाको मानव अधिकारसँग सम्बन्धित भूमिका र दायित्वः

गाउँकार्यपालिकाले कुनै पनि योजना बनाउदा मानव अधिकारका सिद्धान्त एवम् मापदण्ड, मौलिक हकसम्बन्धी विषय अवलम्बन गर्नेछ । साथै योजना निर्माण गर्दा सुशासन, बालमैत्री वातावरण, दिगो विकास लक्ष्य २०३०, मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, राष्ट्रिय मानव अधिकार कार्ययोजना, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता विषयलाई ध्यानमा राखी देहायबमोजिमको प्राथमिकता दिनुपर्नेछ ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने र जनताको आयस्तर तथा रोजगारी बढ्ने जसले महिला, बालबालिका, युवा, दलित, आदिवासी, जनजाति, थारु, मुस्लिम, मधेसी, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, पछाडि पारिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने तथा लैङ्गिक समानता, र सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्ने योजना तथा गतिविधि सञ्चालन गर्ने ।

(ख) दिगो विकास, प्राकृतिक स्रोतको सदुपयोग तथा संरक्षण, वातावरणको संरक्षण तथा संवर्द्धन गर्ने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि गर्नेगरी योजना तथा गतिविधि सञ्चालन गर्ने,

(ग) योजना तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेशाविद् सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, युवा, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

(घ) गाउँपालिकाको कुल जनसंख्या, महिला, पुरुष, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, बालबालिका, युवा, आदिवासी, जनजाति, थारु, मुस्लिम, मधेसी, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकसमेत क्षेत्रगत जनसंख्यासहित मानव अधिकारको तथ्य साथै गाउँपालिकामा रहेका विद्यालय, स्वास्थ चौकी, अस्पताल, मेरी स्टोप्सलगायतका संख्या, मानव अधिकार प्रवर्द्धनका क्षेत्रमा कार्यरत सङ्ग–संस्थाहरु, मनोसामाजिक परामर्श प्रदान गर्ने संस्थाहरु, घरेलु हिंसा पीडित महिलाका लागि बनेका संरक्षण गृह (Safe House) हरुको तथ्याङ्क र सूचनासहितको पार्श्वचित्र (Profile) निर्माण गर्ने,

(ङ) गाउँपालिकाभित्रका विभिन्न निकाय, पदाधिकारी तथा व्यक्तिलाई विषयगत जिम्मेवारी तोक्ने, मानव अधिकार अवस्थाबारे वार्षिक प्रगति प्रतिवेदन तयार गरी गाउँसभामा पेश गर्ने,

(च) अशिक्षा, विपन्नता, अज्ञानतालगायतका कारण मानव अधिकारको सेवा प्राप्त गर्न नसकिरहेका व्यक्ति र समुदायलाई सो सेवा उपलब्ध गराउने प्रबन्ध गर्ने र त्यसको लागि सरोकारवालाहरुसँग आवश्यक सहकार्य गर्ने,

(छ) मानव अधिकारमैत्री (सडक बालबालिका, बेसहारा व्यक्ति, घरेलु हिंसाबाट पीडित महिला र आवश्यक अन्य) कार्ययोजना बनाई लागु गर्ने, मानव अधिकार उल्लङ्घनको उजुरी व्यवस्थापन संयन्त्र बनाउने,

ज) पालिकामा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र संवर्द्धनमा आवश्यक अन्य कार्यहरु गर्ने,

७. न्यायिक समितिको मानव अधिकारसँग सम्बन्धित भूमिका र दायित्वः

(१) न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१), (२) बमोजिम र आफ्नो न्यायिक कार्यविधि ऐनबमोजिम निर्णय गर्दा वा मेलमिलाप गराउँदा न्यायिक समितिले कानुनमा निर्धारित विधि र प्रक्रियाबमोजिम, स्वच्छ सुनुवाइ तथा प्राकृतिक न्यायको सिद्धान्त तथा मानव अधिकारको मूल्य र मान्यता अवलम्बन गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तथा सीमान्तकृत एवम् वञ्चितीमा परेका समुदायसँग सम्बन्धित विवादलाई प्राथमिकतामा राखी न्याय सम्पादन गर्नुपर्छ ।

(२) न्यायिक समितिले मानव अधिकारको संरक्षण र सम्मानका लागि देहायबमोजिमको कार्य गर्नेछ ।

(क) मानव अधिकारमैत्री कार्ययोजना बनाई समिति सञ्चालन गर्ने ।

(ख) न्याय र मानव अधिकारका सर्वमान्य सिद्धान्तलाई आत्मसात् गरी विवाद समाधान प्रणाली स्थापित गरी लागु गर्ने ।

(ग) विवाद समाधान गर्दा समानता, समता तथा विभेदरहित रुपमा मानव अधिकार तथा मौलिक अधिकारको संरक्षण गर्ने कार्य गर्ने ।

घ) बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको संवेदनशीलतालाई ध्यानमा राखी मानव अधिकारमैत्री भाषा र शब्दको प्रयोग गर्ने,

ङ) पालिकामा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र संवर्द्धनमा आवश्यक अन्य कार्यहरु गर्ने ।

८. मानव अधिकार संरक्षण समितिः

(१) गाउँकार्यपालिमा मानव अधिकारको सम्मान, संवर्द्धन, संरक्षण र पालना तथा मौलिक हक सुनिश्चित गर्ने प्रयोजनका लागि आवश्यक योजना तर्जुमा, समन्वय, आवश्यक पहलको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ अनुसार देहायबमोजिम एक समिति गठन हुनेछ ।

(क) गाउँकार्यपालिकाद्धारा गाउँकार्यपालिकाको सदस्य तथा कुनै वडा सदस्य वा मानव अधिकारका क्षेत्रमा क्रियाशील स्थानीय बासिन्दामध्येबाट मनोनित एक जना – अध्यक्ष

(ख) मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति, सङ्घ–संस्था, स्थानिय निगरानी समुह, कानुन व्यवसायी, स्वास्थ्यकर्मी, पत्रकार, सीमान्तकृत एवम् वञ्चितीकरणमा परेका समुदाय मध्येबाट

गाउँकार्यपालिकाद्धारा मनोनित (२ जना महिलासहित जम्मा ५जना) – सदस्य

(ग) गाउँकार्यपालिकाले तोकेको गाउँपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारी – सदस्य सचिव

(२) **समितिको अध्यक्ष तथा सदस्यको योग्यतासम्बन्धी व्यवस्थाः** समितिको अध्यक्ष वा सदस्य हुन देहायबमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

(क) नेपाली नागरिक,

(ख) गाउँपालिकाको स्थायी बासिन्दा,

(ग) २१ बर्ष उमेर पूरा भएको,

(घ) प्रचलित नेपाल कानुनले अयोग्य प्रमाणित नगरेको,

(ङ) मानव अधिकार, कानुन, प्रशासन, शिक्षा, स्वास्थ्य, पत्रकारिता र विकासको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त ।

(३) **समितिसम्बन्धी अन्य व्यवस्थाः**

(क) समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ । यदि कुनै पदाधिकारी वा सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा साविकबमोजिम पदपूर्ति गरिनेछ ।

(ख) मानव अधिकारको सम्मान, संरक्षण र पालनामा समितिको काम प्रभावकारी ढङ्गले सम्पादन नभएको अवस्थामा गाउँकार्यपालिकाले यो निर्देशिकाबमोजिम समितिलाई उपयुक्त निर्देशन दिन र आवश्यकताअनुसार समितिमा हेरफर गर्न सक्नेछ ।

(ग) समितिका पदाधिकारी तथा सदस्यको सेवा सुविधा गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

(घ) समितिको बैठक कम्तीमा महिनामा एकपटक र अन्य आवश्यकताअनुसार बस्न सक्नेछ ।

९. मानव अधिकार संरक्षण समितिको काम, कर्तव्य र अधिकारः

समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) मानव अधिकार तथा मौलिक अधिकारहरुको संरक्षण तथा प्रवर्द्धन गर्नको लागि गाउँपालिका क्षेत्रमा सबै सार्वजनिक निकायहरुको कामलाई मानव अधिकारमैत्री बनाउन समन्वयकारी भूमिका खेल्ने, विभिन्न निकायहरुसँग सहकार्य तथा समन्वय गर्ने,

(ख) जाति, धर्म, लिङ्ग, भाषा, संस्कृतिको आधारमा हुने सबै प्रकारका विभेद अन्त्यको लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरु आयोजना गर्ने,

(ग) बालबालिकालाई आधारभूत शिक्षा अनिवार्य उपलब्ध गराउने कार्यमा विद्यालय भर्ना र सचेतनामूलक अभियान चलाउने, प्राथमिक स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी बाल अधिकारको संरक्षणमा सहयोग गर्ने,

(घ) मानव अधिकार तथा मौलिक हकको संरक्षण, संवर्धन र पालनामा शिक्षासम्बन्धी, प्रवर्द्धनसम्बन्धी र संरक्षणसम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्ने,

(ङ) गाउँपालिकामा गठित हिंसा निगरानी समूहसँग समन्वय गर्ने, क्षमता अभिवृद्धि गर्ने र दण्डहीनताको रोकथामका लागि सडक नाटक, उत्प्रेरक कक्षा, कानुनी शिक्षालगायत अन्य सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(च) सार्वजनिक निकायलाई खुला, पारदर्शी तथा सूचनामैत्री बनाई सुशासन अभिवृद्धि गर्न पहल गर्ने,

(छ) समाजमा पछाडि परेका, ज्येष्ठ नागरिक, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आदिवासी, जनजाति, मुस्लिम, थारु, मधेशी, सीमान्तकृत वर्गलाई समावेशी रुपमा अगाडि ल्याउन मानव अधिकार शिक्षा, उत्प्रेरक कक्षा, संरक्षण गृहजस्ता विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,

(ज) पालिकामा मानव अधिकार तथा मौलिक हकको संरक्षण, संवर्द्धन र पालनामा मानव अधिकार रक्षकहरुसँग सहकार्य र समन्वयमा आवश्यक कार्य गर्ने र मानव अधिकार रक्षकको क्षमता विकास, सुरक्षा तथा प्रभावकारी कार्यको लागि आवश्यक सबलीकरणका कार्य गर्ने,

(झ) मानव अधिकार उल्लङ्घनबाट पीडित वा प्रभावित बालबालिका, महिला, ज्येष्ठ नागरिक, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आदिवासी, जनजाति, मुस्लिम, थारु, मधेशी, सीमान्तकृत वर्गका वा अन्य व्यक्तिहरुलाई आपत्कालीन कानुनी, स्वास्थ्य, मनोविमर्श तथा अन्य मानवीय सहायता उपलब्ध गराउन सहजीकरण र सहयोग गर्ने,

(ञ) मानव अधिकार अनुगमन, मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूका प्रमाण, सूचना, जानकारी एवम् तथ्य र तथ्याङ्क सङ्कलन गर्ने र पालिकाको मानव अधिकार प्रोफाइल बनाउने,

(ट) मानव अधिकार प्रवर्द्धन जस्तैः (तालिम, गोष्ठी, छलफल, अन्तरक्रिया, क्षमता विकास, मानव अधिकार वकालत र पक्षपोषण, उत्प्रेरक कक्षा आदि) गर्ने,

(ठ) सामूहिक अधिकार (उपभोक्ता अधिकार, विकासको अधिकार, दलित, आदिवासी, जनजातिलगायत अल्पसंख्यकको अधिकार, ज्येष्ठ नागरिक, आप्रवासी कामदार तथा अपाङ्गता भएका व्यक्तिलगायतको अधिकार) को संवर्द्धनर संरक्षण गर्ने,

(ड) मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनासँग तादात्म्य हुने गरी विभिन्न पेशागत तथा व्यावसायिक सङ्घ–संस्थाहरूसँग समन्वय र संयुक्त अनुगमन तथा मानव अधिकार संवर्द्धन र संरक्षणसम्बन्धी आवश्यक कार्य गर्ने,

ण) मानव अधिकारसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी गाँउसभामा पेश गर्ने र मानव अधिकार निर्देशिकाबारे सरोकारवालालाई आवश्यक अभिमुखीकरण गर्ने,

त) पालिकामा मानव अधिकारकाको संरक्षण र संवर्द्धनमा गाउँसभा र गाउँकार्यपालिकाको निर्देशन र समितिको उद्देश्यअनुरुप अन्य आवश्यक कार्य गर्ने ।

१०. मानव अधिकार रक्षकहरुको सुरक्षामा गाउँपालिकाको दायित्वः

(१) गाउँपालिकाले मानव अधिकारको संवर्द्धन, संरक्षण र सम्मान तथा मौलिक हकको कार्यान्वयनमा क्रियाशील मानव अधिकार रक्षकहरुको जीवन सुरक्षा, पेशागत सुरक्षा र सम्मानमा आवश्यक कानुनी, प्रशासनिक तथा कार्यक्रमिक व्यवस्था र माध्यमहरु अवलम्बन गर्नेछ ।

(क) मानव अधिकार रक्षकलाई कानुनबमोजिम सूचनामा पहुँच हुनेछ र आवश्यक सूचनाहरु प्रदान गर्नु गाउँपालिका तथा अन्य निकायहरुको कर्तव्य हुनेछ । साथै मानव अधिकार रक्षकलाई कानुनबमोजिम सङ्गठित हुने, सभा, सम्मेलन गर्ने, विचार अभिव्यक्त गर्ने र अन्य स्वतन्त्रताको पूर्ण प्रत्यभूति गरिनेछ ।

(ख) जोखिम र खतराको अवस्थामा रहेका मानव अधिकार रक्षकहरुको तुरुन्त उद्दार गर्नु, जीवन तथा सम्पत्तिको सुरक्षा गर्नु तथा त्यसका लागि सुरक्षा निकाय वा सरोकारवालहरुसँग समन्वय गर्नु गाउँपालिकाको प्राथमिक दायित्व हुनेछ ।

(ग) मानव अधिकारको संवर्द्धन र संरक्षण तथा मानव अधिकार रक्षकको सुरक्षामा सहयोग, सहकार्य र योगदान गर्नु सबै राजनीतिक दलको कर्तव्य हुनेछ ।

(घ) गाउँपालिकाभित्र मानव अधिकारको क्षेत्रमा लक्षित कार्यक्रम सञ्चालन गर्न चाहने सङ्घ–संस्थालाई कार्यक्रम सञ्चालन वा स्वीकृतिमा सरल र सहज रुपमा पहुँच दिइनेछ, कुनै पक्षबाट बाधा, व्यवधान र झन्झट हुन दिइने छैन, त्यस्तो अवस्थामा पालिकाले आवश्यक समन्वय गर्ने छ ।

११. सहयोग र समन्वयः

(क) गाउँपालिकाले मानव अधिकारको संवर्द्धन, संरक्षण, सम्मान र पालनाका लागि राष्ट्रिय मानव अधिकार आयोगलगायत अन्य संवैधानिक आयोगहरु, सङ्घ–संस्था, आमसञ्चार माध्यम, युवा तथा हिंसा निगरानी समूह, आमा समूह, किशोरी समूह, समुदाय र व्यक्तिसँग समन्वय गरी आवश्यक सहयोग लिन र सहकार्य गर्न सक्नेछ ।

(ख) गाउँपालिकाले मानव अधिकारको क्षेत्रमा क्रियाशील अन्य निकाय तथा सङ्घ–संस्थाबीच सहकार्यका क्षेत्रहरु आवश्यकताअनुसार थप गर्न सक्नेछ ।

ग) मानव अधिकारको संवर्द्धन, संरक्षण, सम्मान र पालनाका लागि गाउँपालिकाले छिमेकी पालिकाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्नेछ ।

नेत्रावती गाउँपालिका

११. विविधः

(क) गाउँकार्यपालिकाले यो निर्देशिकामा आवश्यकताअनुसार संशोधन गर्न सक्नेछ ।

(ख) गाउँकार्यपालिकाले यो निर्देशिका पालना भए, नभएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न अन्य समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(ग) यो निर्देशिकाको कार्यान्वयनमा देखा परेका बाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकामा रहनेछ ।

(घ) सार्वजानिक जानकारीका लागि यो निर्देशिका प्रकाशन र प्रवाह गरिने छ ।

ङ) निर्देशिकाबारे उचित जानकारी र सोहीअनुसारको कार्य गर्न तथा पालिकाभित्रका निकायहरुमा समन्वयका लागि पालिकाका विभिन्न निकाय, सरोकारवालाहरुलाई आवश्यक अभिमुखीकरण गरिनेछ ।

(प्रमाणिकरण गर्ने)

नाम :- श्री लाल बहादुर श्रेष्ठ

पदः- अध्यक्ष

बढैयाताल गाउँपालिका कार्यालय,

मैनापोखर (बर्दिया)

प्रदेश नं. ५ नेपाल

बढैयाताल गाउँपालिका

बढैयाताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
लुं. प्रदेश, नेपाल

बढैयाताल गाँउपालिका